लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रशासन, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०३।११

पत्र: द्वितीय
समय: २ घण्टा ३० मिनेट

पूर्णाङ्क: [illegible]

विषय: सेवा सम्बन्धी

| प्रत्येक खण्डको लागि छुट्टाछुट्टै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। |
|---|

## खण्ड "क" ४० अङ्क

१ कार्यालय कार्यविधिमा दर्ता, चलानी र पत्र व्यवहारको सम्बन्धमा जानकारी गराउनुहोस् । ५

२ अभिलेख व्यवस्थापनको उद्देश्य उल्लेख गर्दै अभिलेख व्यवस्थापन चक्रबारे चर्चा गर्नुहोस् । २.५+२.५=५

३ कार्यालयमा आउने गुनासाहरूलाई कसरी व्यवस्थापन गर्न सकिन्छ? उदाहरणसहित लेख्नुहोस् । ३+२=५

४. लेखापरीक्षण भनेको के हो? यो किन गरिन्छ? लेख्नुहोस् । २+३=५

५. कार्यालय व्यवस्थापनको अवधारणा र महत्व उल्लेख गर्दै नेपालका सरकारी कार्यालयहरूमा भईरहेको स्रोत साधनको उपयोगको सम्बन्धमा समीक्षा गर्नुहोस् । ५+५=१०

६. कार्यालयमा जिन्सी स्रेस्ता भन्नाले के बुझिन्छ? जिन्सी स्रेस्ताको महत्व उल्लेख गर्दै जिन्सी व्यवस्थापनलाई प्रभावकारी कसरी बनाउन सकिन्छ? सुझाव प्रस्तुत गर्नुहोस् । ३+३+४=१०

## खण्ड "ख" ४० अङ्क

७ नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको परिचय दिँदै यसका उद्देश्यहरू उल्लेख गर्नुहोस् । १+४=५

८ नागरिक वडापत्र भनेको के हो? यसको महत्व संक्षेपमा लेख्नुहोस् । २+३=५

९ बजारको परिचय दिँदै यसका आवश्यक तत्वको संक्षिप्त चर्चा गर्नुहोस् । २+३=५

१० अहिलेको सूचना प्रविधिको विकासको सन्दर्भमा नेपाल टेलिकम जस्ता कम्पनीको लागि ग्राहक सेवाको आवश्यकता र महत्वबारे चर्चा गर्नुहोस् । ५

११. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका कर्मचारीहरूले पालना गर्नुपर्ने आचरणहरू उल्लेख गर्नुहोस् ।१०

१२ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचनाको हक भन्नाले के बुझिन्छ? सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्न के-कस्ता दायित्व निर्वाह गर्नुपर्दछ? चर्चा गर्नुहोस् । ४+६=१०

क्रमशः

२० अङ्क

## खण्ड "ग"

१३. A र B ले एउटा काम क्रमश: 18 दिन र 24 दिनमा गर्न सक्छन् । A र B दुवै मिली काम गरेको केही दिनपछि A ले काम गर्न छोडछ र बाँकी काम B ले 3 दिनमा पुरा गर्छ भने A ले कति दिनसम्म मिलेर काम गरेको रहेछ? पत्ता लगाउनुहोस् । ५

१४. रु ५००० साँवाको वार्षिक १०% ब्याजदरले ३ वर्षमा हुने वार्षिक चक्रिय र साधारण ब्याजबीचको भिन्नता निकाल्नुहोस् । ५

१५. यदि $\frac{a}{b} = \frac{5}{6}$ भए $\frac{5a-2b}{6a+2b}$ को मान निकाल्नुहोस् । ५

१६. तलको तथ्याङ्कको मध्यक (Mean) निकाल्नुहोस् । ५

| प्राप्ताङ्क | ४० | ५० | ६० | ७० | ८० | ९० |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | २ | ७ | ४ | ८ | ६ | ३ |

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्राविधिक, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन/सिभिल/कम्प्युटर/इलेक्ट्रिकल, टेलिकम/सिभिल, सातौं, टेलिकम इन्जिनियर/इन्जिनियर पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०३।०८

पत्र : प्रथम
समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

विषय : **General Subject**

विषयगत

खण्ड "ख" : **Management & Institutional Awareness**

समय : १ घण्टा ३० मिनेट
५० अङ्क

१. नेतृत्व (Leadership) भन्नाले के बुझ्नुहुन्छ? सांगठनिक सफलता प्राप्तिको लागि नेतृत्वले अवलम्बन गर्नुपर्ने रणनीतिहरू उल्लेख गर्नुहोस् । २+३=५

२. द्वन्द्व व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ? नेपालमा विद्यमान संस्थागत सम्बन्ध (Corporate Relations) को सन्दर्भमा द्वन्द्वका कारणहरू उल्लेख गर्नुहोस् । २+३=५

३. नेपालको सन्दर्भमा आयोजना जीवनचक्र (Project Life Cycle) को कुन-कुन तहमा कमजोरी रहेको पाउनुहुन्छ? समयमै आयोजना सम्पन्न गर्ने पद्धति बसाल्न कुन-कुन पक्षले के-कस्तो भूमिका निभाउनु पर्ला? आफ्नो भनाइ प्रस्तुत गर्नुहोस् । २+३=५

४. व्यवसायिक रणनैतिक योजना (Business Strategic Planning) को महत्व दर्शाउँदै व्यवसायिक सफलताको लागि रणनीतिक योजनाले कसरी सहयोग पुऱ्याउँछ? प्रकाश पार्नुहोस् । २.५+२.५=५

५. लागत लाभ विश्लेषण (Cost Benefit Analysis) भन्नाले के बुझ्नुहुन्छ? यसको महत्वबारे संक्षेपमा उल्लेख गर्नुहोस् । ५

६. जोखिम विश्लेषणका विभिन्न पक्षहरूको सम्बन्धमा चर्चा गर्दै व्यवसायिक सफलताका आधारहरूको सम्बन्धमा समेत उल्लेख गर्नुहोस् । ५

७. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कस्तो संस्था हो? यसको संगठनात्मक संरचना के-कस्तो रहेको छ? विद्यमान संगठनात्मक संरचनामा कुनै परिवर्तनको आवश्यकता छ/छैन? तथ्यसहित उल्लेख गर्नुहोस् । २+३=५

८. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले प्रवाह गर्दै आइरहेका सेवाका प्रकारहरू संक्षेपमा उल्लेख गर्नुहोस् । ५

९. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ ले कम्पनीका कर्मचारी कस्तो अवस्थामा सेवाबाट स्वतः अवकाश हुने व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस् । ५

१०. भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारलाई कसरी परिभाषित गरेको छ? उल्लेख गर्नुहोस् । ५

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्राविधिक, टेलिकम इन्जिनियरिङ्, सिभिल, सातौं, इन्जिनियर पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०३।०९

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

**विषय : Technical Subject**

प्रत्येक **Section** को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**Subjective** — **Time : 2 hrs 30 min**

**70 Marks**

**Section : "B"** — **35 Marks**

1. What do you mean by Procurement Plan? What information should it give? 2+3=5
2. Describe in detail how mix design is carried out in order to meet the strength requirement of concrete. 10
3. Explain about different types of cost estimates prepared for infrastructure projects highlighting their merits and demerits. 10
4. What are the uses of contour map? Outline the major characteristic of contour. 3+7=10

**Section : "C"** — **35 Marks**

5. What are the factors that you need to consider when selecting a site for a building from stability considerations? 5
6. Introduce occupational health and safety (OHS) in construction projects. How is it incorporated in bid documents and construction contracts? Discuss in line with OHS policy of Nepal. 4+6=10
7. Define Laminar and Turbulent flow. What is Hydraulic jump and why is it important? Explain. 5+5=10
8. Answer the following: 5+5=10
   a) What are the different methods of producing electricity? Explain with examples.
   b) What types of information technology do you use as an engineer on a regular basis? How might your life be different if this technology were not available to you?

**- The End -**

लोक सेवा आयोग

नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रशासन, प्रशासन, छैठौं, सहायक प्रशासकीय अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०३।०४

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **सेवा सम्बन्धी**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** ५० अङ्क

१. कार्य विश्लेषण (Job Analysis) भनेको के हो? यसको उपयोगहरू (Uses of Job Analysis) बारे छलफल गर्नुहोस् । ३+७=१०

२. कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्दा कुन-कुन प्रकृयाहरू अवलम्बन गरिन्छन्? उल्लेख गर्दै प्रभावकारी कार्य सम्पादनका लागि सूचना प्रणालीको भूमिकाबारे चर्चा गर्नुहोस् । ५+५=१०

३. सार्वजनिक संस्थामा ज्ञान व्यवस्थापन (Knowledge Management) को महत्व के छ? साथै संस्थामा ज्ञान व्यवस्थापनका फाइदाहरूबारे चर्चा गर्नुहोस् । ५+५=१०

४. आम सर्वसाधारण जनतालाई गुणस्तरीय, भरपर्दो एवं विश्वसनीय सूचना उपलब्ध गराउने प्रभावकारी माध्यम बन्नका लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले के-कस्तो मानव स्रोत योजना (Human Resource Planning) तर्जुमा गरी लागू गर्नुपर्ने हुन्छ? उदाहरणसहित आफ्ना भनाइहरू प्रस्तुत गर्नुहोस् । ५+५=१०

५. नेपाल टेलिकमको मौजूदा प्रोत्साहन प्रणालीको समीक्षा गर्दै यसमा गर्नुपर्ने सुधारका क्षेत्रहरूको बारेमा सुझाव र सोको कार्यान्वयनका आधारहरूसहित स्पष्ट पार्नुहोस् । ४+६=१०

**खण्ड "ख"** ५० अङ्क

६. संगठनको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न संगठनात्मक व्यवहारले कस्तो भूमिका खेल्न सक्दछ? संगठनात्मक व्यवहारका समकालीन मुद्दाहरू उल्लेख गर्नुहोस् । ५+५=१०

७. व्यवस्थापनका महत्वपूर्ण कार्यहरूमध्ये नेतृत्व पनि एक हो । सफल नेतृत्वबाट नै व्यवस्थापन प्रभावकारीरूपमा सञ्चालन गर्न सकिन्छ । संगठनमा नेतृत्वको महत्वबारे चर्चा गर्दै एउटा सफल नेता र व्यवस्थापकबीचको भिन्नताबारे विश्लेषणात्मक समीक्षा गर्नुहोस् । ५+५=१०

८. श्रमिकको हित र संगठनको उत्पादकत्व अभिवृद्धि हेतुले श्रम ऐन, २०७४ मा व्यवस्था गरिएका श्रम सम्बन्ध (Employees/Labour Relation) र सामूहिक सौदावाजी (Collective Bargaining) बारेमा मौजूदा कानूनी प्रबन्धहरूको विवेचना गर्दै यसमा कुनै सुधार गर्नुपर्ने ठान्नुहुन्छ? ठोस तार्किक एवं व्यवहारिक सुझावहरू प्रस्तुत गर्नुहोस् । ६+४=१०

९. सम्पूर्ण गुणस्तर व्यवस्थापन (Total Quality Management) को अवधारणा उल्लेख गर्दै सम्पूर्ण गुणस्तर व्यवस्थापनमा अन्तर्निहित पूर्वानुमान तथा मार्गदर्शक सिद्धान्तहरू के-के हुन्? स्पष्ट पार्नुहोस् । ५+५=१०

१०. संगठनात्मक व्यवहारमा कर्मचारी उत्प्रेरणाको महत्व (Importance of Employees Motivation) उल्लेख गर्दै कर्मचारीलाई कामप्रति अभिप्रेरित गर्ने मौद्रिक एवं गैरमौद्रिक उत्प्रेरक तत्वहरू (Monetary and Non-monetary Incentive Factors) बुँदागतरूपमा लेख्नुहोस् । ३+७=१०

:: समाप्त ::

## लोक सेवा आयोग

**नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड), प्रशासन/कानून, प्रशासन/लेखा/प्रशासन, छैठौं, सहायक प्रशासकीय/लेखा/व्यापार अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा**

२०७९।०३।०३

पत्र : प्रथम पूर्णाङ्क : १००

समय : २ घण्टा १५ मिनेट

**विषय : सामान्य ज्ञान, बौद्धिक परीक्षण, अंग्रेजी तथा संस्थागत ज्ञान**

---

**खण्ड "ख" : विषयगत** समय : १ घण्टा ३० मिनेट

५० अङ्क

१. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका चुनौतीहरू के-के रहेको पाउनुहुन्छ? उल्लेख गर्नुहोस् । ५

२. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले सेवा प्रभावकारिताका लागि अवलम्बन गरेका नवीनतम् प्रविधिहरू संक्षेपमा उल्लेख गर्नुहोस् । ५

३. दूरसञ्चार सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले कस्तो अवस्थामा ग्राहकलाई उपलब्ध गराएको सेवा बन्द गर्नसक्ने प्रावधान दूरसञ्चार ऐन, २०५३ मा रहेको छ? उल्लेख गर्नुहोस् । ५

४. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले प्रवाह गर्ने सेवाको गुणस्तर बृद्धि गर्दै लैजानका लागि गर्नुपर्ने व्यवस्थापकीय सुधारहरू के-के हुन सक्छन्? उल्लेख गर्नुहोस् । ५

५. नेपालको वर्तमान दूरसञ्चार नीतिको परिचय दिँदै त्यसमा गरिएका प्रमुख व्यवस्थाबारे चर्चा गर्नुहोस् । ५

६. नेपालको संविधानअनुसार राज्यको दायित्व के रहेको छ? उल्लेख गर्नुहोस् । ५

७. कम्पनी ऐन, २०६३ मा कस्तो अवस्थामा कम्पनी दर्ता गर्न इन्कार गर्नसक्ने व्यवस्था गरिएको छ? प्रकाश पार्नुहोस् । ५

८. सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा व्यवस्था भएअनुसार सार्वजनिक निकायमा रहेको कुन-कुन विषयसम्बन्धी सूचना प्रवाह गरिनु हुँदैन? उल्लेख गर्नुहोस् । ५

९. आर्थिक विकासमा सरकारी, निजी र सहकारी संस्थाहरूले खेल्नसक्ने भूमिका उल्लेख गर्नुहोस् । ५

१०. चालू आवधिक योजनाका उद्देश्यहरू उल्लेख गर्नुहोस् । ५

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल टेलिकम, प्रशासन, चौथो, सहायक पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७५।०५।२१

पत्र प्रथम

समय: ३ घण्टा                                                पूर्णाङ्क १००

विषय: आधारभूत ज्ञान

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## खण्ड 'क'                                                ६० अङ्क

१ नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावलीमा उल्लेखित आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाले कर्मचारीको कार्यसम्पादनमा पार्ने प्रभावबारे प्रकाश पार्नुहोस् । १०

२ आधुनिक सञ्चारका साधनहरू (Means of communication) के के हुन् ? उल्लेख गर्दै दूरसञ्चारको विकास र विस्तारमा नेपाल टेलिकमले पुऱ्याएको योगदानको बारेमा लेख्नुहोस् । ३+७=१०

३ भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार राजश्व (Revenue) भन्नाले के लाई जनाउँछ ? राजश्व चुहावट गर्ने राष्ट्रसेवकलाई के कस्तो सजाँय हुने व्यवस्था उल्लेख छ ? प्रकाश पार्नुहोस् । ४+६=१०

४ अभिलेख व्यवस्थापन (Record Management) भन्नाले के बुझिन्छ ? अभिलेख व्यवस्थापनको चक्र (Cycle) बारे प्रष्ट पार्नुहोस् । १०

५ परम्परागत फाईलिङ र आधुनिक फाईलिङ प्रणालीबीचको भिन्नता केलाउँदै कार्यालयमा डिजिटल फाईलिङ (Digital Filling) को किन आवश्यकता पर्दछ ? लेख्नुहोस । ५+५=१०

६ पत्र ड्राफ्ट गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्दछ ? उल्लेख गर्दै नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रिक्त रहेका विभिन्न पदहरूको पदपूर्ति प्रक्रिया अगाडि बढाउन सहमतिका लागि लोक सेवा आयोगको केन्द्रीय कार्यालयलाई लेख्ने पत्रको ड्राफ्ट तयार गर्नुहोस् । ४+६=१०

## खण्ड 'ख'                                                ३० अङ्क

७ A ले २० दिनमा गर्न सक्ने काम B ले ३० दिनमा गर्न सक्छ । उक्त काम A ले १० दिन र B ले १० दिन एक्लाएक्लै गरेपछि बाँकि रहेको सो काम दुबै मिलेर गर्दा कति दिनमा सक्लान् ? १०

८ सगरमाथा सप्लायर्सले १३% मूल्य अभिवृद्धि करसहित एउटा कम्प्युटर रू ६७,८०० मा अन्नपूर्ण कम्प्युटरलाई बिक्री गऱ्यो । अन्नपूर्ण कम्प्युटरले उक्त कम्प्युटरको ढुवानी भाडा रू १,५०० लिई १२% नाफा प्राप्त गर्न उक्त कम्प्युटर कति रूपैयाँमा बिक्री गर्नुपर्ला? साथै मूल्य अभिवृद्धि कर समेत निकाल्नुहोस । १०

९ १५ वटा कुर्सी र २ वटा टेबलको मूल्य रू ४,००० रहेको छ । यदि ४ वटा कुर्सी र १० वटा टेबलको मूल्य बराबर छ भने ३ वटा टेबल र १२ वटा कुर्सीको मूल्य पत्ता लगाउनुहोस् । १०

## खण्ड 'ग'                                                १० अङ्क

१० Email भन्नाले के बुझिन्छ ? यसका फाईदा र बेफाईदाहरू लेख्नुहोस् । १+२+२=५

११ CPU भन्नाले के बुझिन्छ ? कम्प्युटरमा CPU को बनावट र यसका कार्यहरू प्रस्तुत गर्नुहोस् । ५

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल टेलिकम, प्रशासन, चौथो, सहायक पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७५।०५।३०

पत्र द्वितीय

समय ३ घण्टा

पूर्णाङ्क १००

## विषय : सेवा सम्बन्धी

| |
|---|
| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |

### खण्ड 'क'

४० अङ्क

१ जिन्सी व्यवस्थापन (Inventory Management) गर्दा ध्यान दिनुपर्ने प्रमुख कुराहरूको सूची (List) तयार गर्नुहोस् । ५

२ जिन्सी व्यवस्थापनमा माग फाराम र दाखिला (Entry) रिपोर्टको के महत्व छ ? लेख्नुहोस् । ५

३ कार्यालयका कार्यहरू के के हुन् ? Office Procedure को महत्त्वबारे प्रकाश पार्नुहोस् । ५+५=१०

४ संगठनमा सञ्चारका प्रकार र तरिकाहरू (Types and methods of communication) को बारेमा उल्लेख गर्दै सञ्चारले संगठनको उद्देश्य प्राप्तिमा पुऱ्याउने योगदानको बारेमा जानकारी दिनुहोस् । ६+४=

५ कार्यालय सहायकमा हुनुपर्ने गुणहरू उल्लेख गर्दै सो पदले सम्पादन गर्नुपर्ने कार्यहरू उल्लेख गर्नुहोस् । ४+६=१०

### खण्ड 'ख'

६० अङ्क

६ प्रोदभावी लेखा प्रणाली (Accrual Accounting System) भन्नाले के बुझिन्छ ? नगदमा आधारित लेखा प्रणाली (Cash Basis Accounting System) मा रहेका कमजोरीहरू के के हुन् ? लेख्नुहोस् । ५+५=१०

७ भौचर (Voucher) तयारीका सैद्धान्तिक आधारहरू उदाहरणसहित स्पष्ट पार्दै भौचरको नमूना प्रस्तुत गर्नुहोस् । ५+५=१०

८ व्यवसायमा प्रयोग हुने नगदी किताब (Cash Book) को विशेषता र यसमा समावेश हुनुपर्ने आधारभूत कुराहरूको बारेमा जानकारी दिनुहोस् । ४+६=१०

९ प्रतिस्पर्धा (Competition) का आधारमा बजारको वर्गीकरण (Classification) कसरी गरिएको छ ? उल्लेख गर्दै त्यस्ता बजारका प्रमुख विशेषताहरू छोटकरीमा उल्लेख गर्नुहोस् । ३+७=१०

१० ग्राहक सेवा (Customer Service) भनेको के हो ? यसको उद्देश्य र महत्त्वबारे चर्चा गर्नुहोस् । २+४+४=१०

११ Industrial Goods को बारेमा जानकारी गराउनुहोस् । यस्ता वस्तुको वर्गीकरण किन र कसरी गरिन्छ ? उल्लेख गर्नुहोस् । १०

:: समाप्त ::

## विषयगत

५० अङ्क

### खण्ड "ख"

२५ अङ्क


१. A र B ले एउटा काम ६ दिनमा गर्न सक्छन् । B एक्लैले सो काम १८ दिनमा गर्न सक्छ । तिनीहरू दुवै मिली सो काम गर्न शुरू गरे तर ४ दिनपछि B ले काम गर्न छोड्यो भने बाँकी काम A ले कति दिनमा सिध्याउला? ५

२. एउटा शहरको जनसंख्या प्रत्येक वर्ष १० प्रतिशतका दरले बढ्दै जान्छ । यस शहरको जनसंख्या २०७९ सालमा ४,३५,००० थियो भने २०८२ सालमा सो शहरको जनसंख्या कति हुन्छ? पत्ता लगाउनुहोस् । ५

३. एक साहुले ३% प्रतिवर्ष साधारण ब्याजका दरले केही रकम सापट लिएछ र सो रकम ५% चक्रिय ब्याजदरले लगानी गरेछ । यदि ३ वर्षपछि उसले रू. १०८२ लाभ (Profit) गरेछ भने कति रकम सापट लिएको थियो? ५

४. राम र श्यामलाई गणितको उही समस्या दिइएको छ । रामले उक्त समस्या समाधान गर्नसक्ने सम्भावना २/५ छ र श्यामको सम्भावना १/३ छ । उक्त समस्या समाधान हुने जम्मा सम्भाव्यता पत्ता लगाउनुहोस् । ५

५. दिइएको चित्र बेलना र सोली मिलेर बनेको एउटा संयुक्त ठोस वस्तु हो । सो वस्तुको आधारको व्यास १४ सेमी., बेलनाकार भागको लम्बाई ४५ सेमी र सोली भागको लम्बाई २४ सेमी छ । उक्त ठोस वस्तुको पूरा सतहको क्षेत्रफल पत्ता लगाउनुहोस् । ५




### खण्ड "ग"

२५ अङ्क

६. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको परिचय दिँदै लिमिटेडका उद्देश्यहरू उल्लेख गर्नुहोस् । २+३=५

७. भ्रष्टाचार निवारण ऐन, २०५९ मा उल्लेख भए अनुसार भ्रष्टाचारजन्य कसूरहरूको सूची बनाउनुहोस् । ५

८. दूरसञ्चार ऐन, २०५३ बमोजिम कस्तो अवस्थामा अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई उपलब्ध गराएको दूरसञ्चार सेवा बन्द गर्न सक्छ? ५

९. फाइलिङ्का प्रकारहरू उल्लेख गर्दै नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको सचिवालयमा कस्तो फाइलिङ् विधि उपयुक्त होला? उल्लेख गर्नुहोस् । २+३=५

१०. प्रतिस्पर्धी अन्य सेवा प्रदायक संस्थाहरूबीच नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले आफ्नो सेवा तथा बजार प्रबर्द्धन गर्न के-कस्ता कार्यहरू गर्नु आवश्यक छ? लेख्नुहोस् । ५

:: समाप्त ::

D-3, प्राविधिक, प्राविधिक, निर्माण तथा मर्मत, पाँचौं, ओभरसियर

विषयगत ५० अङ्क

खण्ड "ख" २५ अङ्क

१. रु. १५०० को वार्षिक ५ प्रतिशत ब्याजदरमा २ वर्षपछि चक्रीय ब्याज कति हुन्छ? यो रकम सोही दर र अवधिको साधारण ब्याजभन्दा कतिले बढी हुन्छ? पत्ता लगाउनुहोस् । ५

२. तलको तथ्याङ्कको मध्यिका (Median) पत्ता लगाउनुहोस् । ५

| विद्यार्थी संख्या | ०-१० | ०-२० | ०-३० | ०-४० | ०-५० |
|---|---|---|---|---|---|
| प्राप्ताङ्क | ४ | १२ | २४ | ४४ | ६२ |

३. १ देखि २० सम्म लेखिएका जम्मा २० वटा बराबर अंक पत्तिहरुबाट नहेरिकन एउटा पत्ति थुत्दा ४ ले भाग जाने अथवा ३ ले भाग जाने अंक पत्ति आउने सम्भाव्यता (Probability) कति हुन्छ? पत्ता लगाउनुहोस् । ५

४. सोली (Cone) को आधारको व्यास (Diameter) 12cm र ठाडो उचाई (Height) 8cm छ भने यसको पूरा सतहको क्षेत्रफल (Total Surface Area) कति होला? पत्ता लगाउनुहोस् । ५

५. 1.5 मिटर अग्लो एक जना मानिसले उडाइरहेको एउटा चंगामा धागोको लम्बाई 120 मिटर हुँदा क्षितिजसँग यसले 30° को कोण बनाउँदछ भने जमिनदेखि चंगासम्मको उचाई कति हुन्छ? पत्ता लगाउनुहोस् । ५

खण्ड "ग" २५ अङ्क

६. नेपालमा दूरसञ्चार सेवाको विकासक्रम संक्षिप्तमा उल्लेख गर्दै नेपाल टेलिकमको लक्ष्य लेख्नुहोस् । ३+२=५

७. दूरसञ्चार ऐन, २०५३ बमोजिम कस्तो अवस्थामा ग्राहकलाई उपलब्ध गराइएको दूरसञ्चार सेवा बन्द गर्न सक्ने प्रावधान रहेको छ? जानकारी दिनुहोस् । ५

८. टिप्पणी भनेको के हो? टिप्पणी लेख्नुपर्ने कारण के के हुन्? स्पष्ट गर्नुहोस् । २+३=५

९. कार्यालयमा सेवाग्राहीबाट गुनासो आउने कारण उल्लेख गर्दै तिनको समाधान कसरी गर्न सकिन्छ? प्रष्ट पार्नुहोस् । २+३=५

१०. कार्यक्षेत्रमा समूह कार्य (Team Work) को महत्त्व वर्णन गर्नुहोस् । ५

:: समाप्त ::

**उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला ।**